**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २६ मार्च २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगालमा २० हजार भन्दा बढ़ी स्थानहरूमा भव्य श्री राम शोभायात्राहरू आयोजित गरिएको छन्। राष्ट्रपति , उपराष्ट्रपति , प्रधानमंत्री , मंख्यमंत्रीले श्री राम नवमीको बधाई र शुभकामना दिनुभएको छ।

- पश्चिम बंगाल एसआईआर को बेला ६० लाख भन्दा बढ़ी लोजिकल डिस्क्रेपेन्सीमा परेका मतदाताहरू मध्ये हिजो राति सम्म ३२ लाखको न्यायिक जाँच पूरा भईसकेको छ।

- प्रधानमंत्री नरेन्द्र मोदी फेरी एक चाटि विश्वका सबैभन्दा लोकप्रिय नेता बनेका छन्।

- पश्चिम बंगालमा चुनाव प्रचार तातिएर गएको छ। ार्जीलिङ पहाड़ , तराई डुर्वसमा भाजपा र टिएमसी ले जोर शोरले चुनाव प्रचार गरिरहेका छन्।

- भारतका विश्चात निशानेवाज जितू राईले सिलगड़ीमा शुटिंग अकादमी खोलेका छन्।

- सरकारले भनेको छ देशका तेल रिफाइनेरीहरूले पूर्ण क्षमताका साथ काम गरिरहेका छन्।

- मौसम विभागले उत्तर बंगालमा आउने दिनमा सामान्य देखी ठूलो वर्षा हुने चेतावनी जारी गरेको छ।

**राम नवमी**

देशमा आज राम नवमीको पर्व हर्षोल्लासकासाथ  मनाईन्दैछ। योपर्व मर्यादा पुरुषोत्तम भगवान श्री रामको जन्मोत्वको रूपमा साथ  मनाईन्छ।**लोकाभिरामं रणरङ्गधीरं राजीवनेत्रं रघुवंशनाथम्।कारुण्यरूपं करुणाकरं तं श्रीरामचन्द्रं शरणं प्रपद्ये॥देशभरि आज मर्यादा पुरुषोत्तम भगवान श्रीरामको जन्मोत्सव रामनवमी, धार्मिक हर्षोल्लासका साथ मनाइँदैछ। श्री रामको जीवनलाई सत्य, धर्म, मर्यादाको प्रतीक प्रतीक मानिन्छ।भगवान श्री रामले सदैव मर्यादालाई कायम राख्नुभयो। रावणसितको युद्धको समय, श्री रामले जनमानसलाई सन्देश दिनुभयो कि मानिसहरुसित जीवनरूपी युद्ध लड्नका लागि पर्याप्त संसाधन होस् वा नहोस्, तर सत्य र धैर्यको धन अवश्य हुन्छ।त्यसैले जीवनको संग्राममा तपाईंले सजिलै विजय प्राप्त गर्न सक्नुहुन्छ।रामनवमीको पर्वले हामीलाई जीवनमा सत्य, कर्तव्य र धर्मको पालना गर्ने शाश्वत शिक्षा दिंदछ।आकाशवाणी खरसाङको तर्फबाट सबै श्रोताहरुलाई रामनवमीको हार्दिक शुभकांमना**राष्ट्रपति द्रौपदी मुर्मु, उप राष्ट्रपति सीपी राधाकृष्नन र प्रधानमंत्री नरेन्द्र मोदीले राम नवमीमा देशवासीहरुलाई शुभकामना दिनु भएको छ।

**ममता राम नवमी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले राम नवमीको अवसरमा राज्यवासीलाई शुभकामना दिनु भएको छ। आफ्नो सन्देशमा, मुख्यमन्त्रीले मानिसहरुलाई शान्ति, समृद्धि र सर्वांगीण विकासको मूल्यलाई कायम राख्न र अगाडि बढाउन अपील गर्नुभयो।

**रामनवमी पाहाड तराई डुवर्स**

कालेबुंगमा आज भव्य रामनवमी शोभायात्रा निकालियो, जसमा हजारो भक्तहरूले भाग लिएका थिए। यो शोभायात्रा कालेबुंग मेलाग्राउण्डबाट शुरू भएर बजारको परिक्रमा गर्दै सम्पन्न भयो । शोभायात्रामा मानिसहरूले श्रीराम, श्री हनुमानका चित्रहरूको झण्डाहरू बोकेका थिए। यस शोभायात्रमा भाजपाका कालेबुंगका उम्मेदवार भरत छेत्री तथा भारतीय गोरखा प्रजातांत्रिक मोर्चाका नेता तथा कालेबुंग नगरपालिकाका अध्यक्ष रवि प्रधानको विशेष उपस्थिति थियो। यसै गरि आज डुवर्सको मादरीहाजमा पनि भव्य़ शओभायात्रा निकालियो जसमा अलिपूरद्वारका लोकसभआ सांसद मनोज तिग्गाको विशेष उपस्थिति थियो। यसै गरि आज कोलकाताको भवानीपूर विधानसभा छेत्रमा भाजपा नेता तथा त्याहाँ बाट भाजपा उम्मेदवार सुभेन्दु अधिकारीको नेतृत्वमा भव्य श्रीरामनवमी जुलुस निकालियो। मुख्यमंत्री ममता ब्यानर्जीको गढ ङवानीपूरमा हजोरौं राम भक्तहरूको आजको जोशले त्याहाँको चुनावी माहौललाई पनि तताएको छ। यसरी नै हावड़ामा हजारों राम भक्तहरूले 8 किलोमीटर लामो जुलुस निकालेका थिए भने हरिरामपुरमा आयोजित शोभायात्रामा केन्द्रीय मंत्री तथा भाजपा नेता शुकान्त मजूमदार उपस्थित थिए। यसरी नै पश्चिम बंगालका विभिन्न स्थानहरूबाट भव्य श्रीराम नवमी शोभायात्र जुलुसहरूको खबरहरू प्राप्त भइरहेका छन्। यसै क्रममा दार्जिलिंग, खरसांग तथा सुलगढीमा भोली भव्य श्रीरामनवमी शोभायात्राहरू निकालिने छ जसको तैयारीहरू पुरा भइसकेका छन्। सिलगढीको शोभयात्रामा भागलिन विश्व हिन्दु परिषद की फायर ब्राण्ड नेत्री साध्वी प्राची आज सिलगढी आइ पुग्नु भएको छ।

**बंगाल एसआईआर**

पश्चिम बंगालमा, विशेष गहन पुनरीक्षण (SIR) अन्तर्गत "लजिकल डिस्क्रेपेंसी श्रेणीमा चिन्हित 60 लाख मामिलाहरूमध्ये 32 लाखको न्यायिक जांच प्रक्रिया हिजो रातिसम्म पूरा भएको छ। यसको जानकारी निर्वाचन आयोगले दिएको हो।राज्यको मुख्य निर्वाचन अधिकारीको कार्यालयका सूत्रहरू अनुसार, हालसम्म कुल सिफारिस गरिएका मामिलाहरूमध्ये लगभग 53 प्रतिशत मामिलाको समाधान भइसकेको छ। यी 32 लाख मामिलामध्ये लगभग 40 प्रतिशत, अर्थात् लगभग 12 लाख 80 हजार मतदाताहरू हटाउन सकिने स्थितिमा फेला परेका छन्।
यद्यपि, हटाउन योग्य ठहरिएका मतदाताहरूलाई राहतको अवसर दिँदै उनीहरुलाई राज्यमा गठित 19 अपीलीय न्यायाधिकरणमा अपील गर्ने अधिकार दिइएको छ।वर्तमानमा, यो सम्पूर्ण प्रक्रियाल 700 भन्दा बढी न्यायिक अधिकारीहरूद्वारा सञ्चालन भइरहेको छ, जसमा छिमेकी राज्यहरू ओडिशा र झारखण्डका 100-100 अधिकारीहरू पनि सामेल छन्।
उल्लेखनीय छ 28 फरवरीमा जारी गरिएको अन्तिम मतदाता सूचीमा न्यायिक जाँचको लागि पठाइएका 60 लाख मामिलाहरू बाहेक, 63 लाख 66 हजार 952 नामहरू पहिले नै हटाइएका थिए।यसपछि, न्यायिक जांचको क्रममा, 12 लाख 80 हजार थप नामहरू हटाउन सकिने स्थिति पाइएपछि हटाइएका मतदाताको कुल संख्या बढेर लगभग 77 लाख पुगेको छ।
SIR को अधिसूचना जारी हुनुभन्दा पहिले, नोभेम्बरमा पश्चिम बंगालमा कुल मतदाताहरुको संख्या सात करोड़ 66 लाख 37 हजार 529 थियो।डिसेम्बरमा प्रकाशित ड्राफ्ट मतदाता सूचीमा 58 लाख 20 हजार 899 नाम हटाइएको थियो, जुन फरवरीमा जारी गरिएको अन्तिम सूचीमा बढाएर 63 लाख 66 हजार 952 पुऱ्याइएको थियो।

यसैबीच, उत्तर बंगालमा एक चुनावी रैलीलाई सम्बोधन गर्दै, मुख्यमन्त्री ममता बनर्जीले यस पुनरीक्षण प्रक्रियालाई लिएर निर्वाचन आयोगमाथि तीखो हमला गर्नुभएको छ।उहाँले आरोप लगाउँदै भन्नुभयो आयोगले यस अभ्यासको माध्यमले राज्यका मानिसहरुलाई अनावश्यक रूपमा दुःख दिइरहेको र विशेष गरी आदिवासी तथा पछैटे वर्गलाई लक्षित गरिरहेको छ।

**प्रधानमन्त्री मोदी रेटिंग**

प्रधानमन्त्री नरेन्द्र मोदीलाई फेरि एक पटक विश्वको सबैभन्दा लोकप्रिय नेताको रूपमा स्थान दिईएको छ।अमेरिकी डेटा एनालिटिक्स फर्म मर्निङ कन्सल्टद्वारा गरिएको नवीनतम वैश्विक सर्वेक्षणमा उहाँलाई 68 प्रतिशत अनुमोदन रेटिंग प्राप्त भएको छ।मार्च 2 देखि 8 मार्च बीच गरिएको यस सर्वेक्षणमा प्रधानमन्त्री मोदी अन्य वैश्विक नेताहरू भन्दा धेरै अगाडि हुनुहुन्छ।स्विट्जरलैंडका राष्ट्रपति गाय परमेलिन र दक्षिण कोरियाका राष्ट्रपति ली जे-म्यंग दोस्रो स्थानमा हुनुहुन्छ।दुवैलाई62 प्रतिशत अनुमोदन रेटिंग प्राप्त भएको छ।चेक गणराज्य र अर्जेंटीनाका नेताहरुलाई क्रमशः 57 प्रतिशत र 56 प्रतिशत अनुमोदन रेटिंग प्राप्त भएको छ।

अमरीकाका राष्ट्रपति डॉनाल्ड ट्रम्पले 39 प्रतिशत अनुमोदन रेटिंग प्राप्त गर्नुभएको छ र उहाँ शीर्ष दसमा शामिल हुन सक्नुभएन।

**दार्जिलिंग चुनाव प्रचार**

दार्जिलिंग पहाड़ अनि तराई डुवर्समा चुनावी माहौल तातिंदै गइरहेको छ। आज सिलगढ़ी भाजपा उम्मदवार श्री शंकर घोषका लागि सांसद राजू बिष्टले विभिन्न इलाकामा चुनाव प्रचार गरे भने, मतिगाढ़ा नक्सलबाढी विधानसभा क्षेत्रका भाजपा उम्मेदवार आनन्द बर्मन पनि श्रीरामनवमीको भव्य शोभायात्रामा सामेल हुनु भय़ो। उहांले मतदाताहरूलाई आफ्नो पक्षमा आकर्षित गर्न घरदैलो सम्पर्क अभियान चलाई राख्नु भएको छ। यसरी नै कालेबुंगका भाजपा उम्मेदवार भरत क्षेत्रीको पक्षमा गोजामुमो अध्यक्ष बिमल गुरूंगले चुनाव प्रचारका लागि हिजो कालेबुंगमा नयाँ पार्टी कार्यालयको उद्घाटन गर्नु भयो। यसरी नै कालेबुंगमा भीजीपीएम उम्मदवार रूदेन सादा लेप्चाले पनि जोरशोरका साथ चुनाव प्रचार गरिरहेका छन्। खरसांगमा पनि चुनाव प्रचार तीव्र भएर गएको छ। बीजीपीएम उम्मेदवार अमर लामाको पक्षमा पार्टी अध्यक्ष अनित थापाले चुनाव कार्यालयको उद्धाचन गरे तथा चुनाव प्रचार गरे। यसरी नै भाजपा उम्मेदवार सोनाम लामाको पक्षमा राजु बिष्ट, निरज जिम्बाले हिजो चुनाव प्रचार गरे तथा चुनावका लागि नयाँ कार्यालयको उद्घाटन गरे। आज सोनामलामाले पार्टी कार्यकर्ताहरूका साथ जनसम्पर्क गरेको खबर छ। दार्जिलिंगमा पनि चुनाव प्रचार तेज भएको छ। भाजपा र गोजामुमुका संयुक्त उम्मेगवार तथा बीजीपीएम उम्मेदवार विजय कुमार राई बीच कडा मुकाबिला हुने सम्भावना छ। दुवै पक्षका उम्मेदवारहरूले जोर शोरले चुनाव प्रचार गरि रहेका छन्। यसै बीच बिमल गुरूंगले आजय एडवार्ड प्रति गरेका गम्भिर चिप्पणीले विवाद उत्पन्न गरेको छ। बिमल गुरूंगले हिडो कालेबुंगमा अजय एडवार्डले राजुबिष्टलाई फोनगरि भोजामुमुलाई बाहिर राखे भने भाजपासित गठबन्धन गर्ने कुरा भनेका थिए। साथै क्षे छेत्रीयता बचाउन आफू एडवर्डसित गठबन्धन गर्ने र भाजपालाई झटका दिने योजनाका साथ अजय सित भेट्न गएको तर अजयले बास्तै नगरेको र बाध्य भएर भाजपासित गठबन्धन गरेको कुरा भनि कुरा बिमल गुरूंगले भनेका थिए। अजय एडवार्डले बिमल गुरूंगको आरोपहरूको खण्डन गर्दै उनिले झूठ बोलिरहेको भन्दै कड़ा प्रहार गरेका छन्।

**भाजपा-तृणमूल कांग्रेस**

भारतीय जनता पार्टीले पश्चिम बंगालमा आलु किसानहरूको बिग्रँदो स्थिति र निर्यात संबंधी प्रतिबन्धलाई लिएर सत्तारुढ तृणमूल कांग्रेसको आलोचना गरेको छ।भाजपाका प्रदेश अध्यक्ष तथा राज्यसभा सदस्य शामिक भट्टाचार्यले संवाददाताहरुलाई बताए अनुसार बंगाल सरकारले लगाएको प्रतिबन्धका कारण स्थानीय किसानहरू आफ्नो उपज अन्य राज्यहरूमा बेच्न असमर्थ छन्।उहाँले भन्नुभयो पहिले बंगालमा उब्जाइएको आलु ओडिशा पठाइन्थ्यो, तर अब यसमा प्रतिबन्ध लगाइएको छ। श्री

भट्टाचार्यले भन्नुभयो अवैध बालुवा खननले बंगालका नदीहरू प्रभावित भईरहेको र उपजाऊ खेतीको जमिन जलमग्न भईरहेको छ।उहाँले यसबाट धान किसानहरू सबैभन्दा बढी प्रभावित भएको आरोप लगाउनुभयो।

**अंतरमंत्रालयी - वक्तव्य**

सरकारले देशका सबै तेल रिफाइनरीहरू पूर्ण क्षमतामा काम गरिरहेको र काँचो तेलको पर्याप्त भण्डार रहेको बताएको छ।पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले पेट्रोल र डिजेलको पर्याप्त स्टॉक रहेको जानकारी दिएको छ, देशभरिका सबै खुद्रा दोकानहरू सामान्य रूपमा सञ्चालनमा छन् र सबै पेट्रोल पम्पहरूमा पर्याप्त स्टॉक उपलब्ध छ।होर्मुज जल-डमरू-मध्य बन्द भएको सन्दर्भमा, मन्त्रालयले देशभरि पेट्रोलियम उत्पाद र एलपीजीको निर्बाध आपूर्ति कायम राख्न सरकारले धेरै उपायहरू अपनाएको बताएको छ।मन्त्रालयले देशभरि घरेलु एलपीजी सिलेन्डरको आपूर्ति सामान्य रहेको र एलपीजी वितरकहरूमा कुनै अभाव नभएको पनि बताएको छ।यसैबीच, बन्दरगाह, जहाजरानी तथा जलमार्ग मन्त्रालयले समुद्री व्यापारको निरन्तरता सुनिश्चित गर्दै जहाजरानी गतिविधि, बन्दरगाह सञ्चालन र भारतीय नाविकहरूको सुरक्षालाई नजिकबाट निगरानी गरिरहेको छ।मन्त्रालयले थप भनेको छ महानिदेशक जहाजरानीले हालसम्म 674 भन्दा बढी भारतीय नाविकहरूको सुरक्षित स्वदेश फिर्तामा सहयोग गरेको छ, जसमा पछिल्लो 24 घण्टामा 39 जना नाविक शामिल छन्।

**जितू राई**

भारतका प्रसिद्ध निशानेबा पध्मश्री पुरस्कार विजेता जितु राईले आज विधिवत रूपामा सिलगड़ीको नयाँ रंगिय , शिव मन्दिरमा जितु राई निशानेवाजी अकादमीको शुभारम्भ गरेका छन्। यको उद्घाटन लोकसभा सांसद राजु विष्टले गरे। यस शुटिंग अकादमीले क्षेत्रमा युवाहरूलाई निशानेवाजीमा राष्ट्रिय अन्तर राश्ट्रिय स्तरको खेलाड़ी बन्नुमा ठूलो योगदान दिनेछ।

**मौसम**

मौसम विभागले उत्तर बंगालका धेरै जसो जिल्लाहरुमा आउने दिनहरुमा वर्षा जारी रहने अनुमान गरेको छ। साथै पश्चिम बंगालका गांगेय क्षेत्र र सिक्किममा असिना पर्ने सम्भावना छ।
मौसम विभागले आइतबार दिउँसोपछि मौसम बिस्तारै परिवर्तन हुने र स्थिति सामान्य हुन थाल्ने बताएको छ। अहिलेको लागि, मेघगर्जन र तेज हावाहुरीको सम्भावना भएकाले मानिसहरूलाई सतर्क रहन सल्लाह दिइएको छ।

**अष्टमी गंगा स्नान**

जलपाईगुडी जिल्लाको राजगञ्जको आमबाड़ी स्थित करतोया नदीमा परम्परागत अष्टमी गंगा स्नानको आयोजन श्रद्धा र उत्साहका साथ गरियो। बिहानैदेखि घाट र वरपरका क्षेत्रमा ठूलो संख्यामा श्रद्धालुहरूको भीड लागेको थियो। सिलिगुडी र जलपाईगुडी लगायत विभिन्न क्षेत्रबाट आएका श्रद्धालुहरूले पवित्र स्नान गरी पुण्य अर्जित गरे। यो आयोजनको संचालन आमबाड़ी गंगा संघ क्लब द्वारा गरिएको थियो, जुन यस वर्ष 57 औं वर्षमा प्रवेश गरेको छ।अष्टमी स्नानको अवसरमा सात दिवसीय मेला पनि सुरु भएको छ, जुन एक अप्रैल सम्म जारी रहनेछ।मेलाको उद्घाटन राजगञ्जका निवर्तमान विधायक खगेश्वर राईले गर्नुभएको थियो, जहाँ कैयन स्थानीय गणमान्य व्यक्तिहरूको पनि उपस्थिति रहेको थियो।

**********